लुम्बिनी प्रदेश सरकार
उद्योग पर्यटन तथा यातायात मन्त्रालय
उद्योग,वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय

सिद्धार्थनगर, रुपन्देही

# प्रशिक्षक सूचिकरण सम्बन्धी सूचना ।

सूचना प्रकाशित मिति: २०८१/०७/०२

यस कार्यालयबाट आ.ब. २०८१/०८२ मा विभिन्न विषयका व्यवसायिक तथा सिपमुलक तालिम सञ्चालन गर्नु पर्ने भएकोले निम्नानुसार योग्यता पुगेका र सम्बन्धित विषयमा दक्षता प्राप्त गरेका इच्छुक नेपाली नागरिकहरुले रु १० को टिकट टाँसी यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिलका कागजात सहित प्रशिक्षक तथा सहायक प्रशिक्षकको रुपमा यस कार्यालयमा निवेदन दिई सूचिकृत हुन जानकारी गराइन्छ ।

तपसिल:

तालिमका विषयहरु:

| क. सं. | विषय | क. सं. | विषय | क. सं. | विषय |
|---|---|---|---|---|---|
| १ | मोटरसाइकल मेकानिक | ४ | गहना निर्माण | ७ | टेलरिङ्ग |
| २ | बिल्डिङ्ग इलेक्ट्रिसियन | ५ | फेशन डिजाइन | ८ | ब्युटिसियन |
| ३ | टायल मार्वल फिटर | ६ | जुत्ता चप्पल उत्पादन | ९ | अन्य... |

मुख्य/सहायक प्रशिक्षकको न्यूनतम योग्यता:

१. मुख्य प्रशिक्षक: मान्यता प्राप्त शिक्षण संस्था/विश्वविद्यालयबाट सम्बन्धित विषयमा स्नातक तह उपाधी प्राप्त गरी प्रशिक्षक प्रशिक्षणको तालिम लिएको वा सम्बन्धित विषयमा प्रमाणपत्र डिप्लोमा तह उतिर्ण गरी प्रशिक्षक प्रशिक्षण तालिम लिएको र कम्तिमा ३ वर्षको कार्य अनुभव भएको वा सम्बन्धित विषयमा सीप तह २ उतिर्ण गरी ३ वर्षको कार्य अनुभव भएको ।

२. सहायक प्रशिक्षक: मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रमाणपत्र डिप्लोमा तह उतिर्ण गरी प्रशिक्षक प्रशिक्षण तालिम लिएको वा सम्बनधित विषयमा प्राविधिक एस.एल.सी. वा सीप तह १ उतिर्ण गरी २ वर्षको कार्य अनुभव भएको ।

३. निवेदनसाथ शैक्षिक योग्यता तथा पेशागत तालिमका प्रमाणपत्रहरु, अनुभव का प्रमाणपत्रहरु, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र २ प्रति फोटो समेत संलग्न राखी पेश गर्नुपर्नेछ ।

पुनश्च:

- यहाँ उल्लेख भएका वाहेक अन्य विषयमा तालिम प्राप्त गरेका व्यक्तिहरुले समेत आफुले सञ्चालन गर्न सक्ने तालिम उल्लेख गरी दरखास्त दिन सक्नेछन्। परम्परागत प्रकृतिको तालिमको हकमा कम्तिमा ३ वटा सोहि विषयको तालिममा प्रशिक्षण गरेको प्रमाणित हुने कागजात संलग्न गर्नुपर्नेछ ।
- सूचिकृत हुने निवेदनको ढाँचा यस कार्यालयको वेवसाईट www.csirupandehi.p5.gov.np बाट डाउनलोड गरी भर्न सकिनेछ ।
- यसै सूचना अनुसार रोष्टरमा नाम समावेश गरी न्यूनतम भन्दा माथिल्लो योग्यता भएको अनुभवी प्रशिक्षकलाई प्राथमिकता दिइनेछ । कुनै एक विषयमा आवश्यकता भन्दा बढी व्यक्तिहरुको दरखास्त पर्न आएमा निवेदनसाथ पेश भएका प्रमाणहरुका आधारबाट निर्धारित रोष्टरको योग्यता क्रम वा अन्तर्वार्ता द्वारा प्रशिक्षक छनोट गरिनेछ ।
- प्रशिक्षार्थीको माग अनुसारको बिषयको तालिमको लागि प्रशिक्षक सूचिकृत हुन नआएमा समेत कार्यालयले अन्य व्यवस्था मार्फत प्रशिक्षक छनोट गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।
- थप जानकारीको लागी कार्यालयको फोन नं. ०७१-५७०२०४ वा ९८५७०१७४९५ (अनन्त पन्थी) मा सम्पर्क गर्न सकिनेछ ।

८१/७/२

नि. प्रमुख उद्योग अधिकृत

प्रमुख उद्योग अधिकृत

अनुसूची- ३

दफा १४ को उपदफा (१०) सँग सम्बन्धित

## प्रशिक्षक सूचिकृत फारम

मितिः २०८१/..../....

श्रीमान प्रमुख उद्योग अधिकृत ज्यू,

घरेलु तथा साना उद्योग कार्यालय, रुपन्देही ।

महोदय,

प्रस्तुत बिषयमा त्यस कार्यालयबाट सञ्चालन हुने ........................................ तालिमको लागि प्रशिक्षक आवश्यक भएको ब्यहोरा जानकारी आएकोले मैले उक्त बिषयमा विगतका केहि वर्ष देखि तालिम प्रशिक्षकको रुपमा काम गर्दै आएको र त्यस तालिमको लागि मेरो योग्यता पनि पुग्ने हुँदा उक्त तालिमका लागि प्रशिक्षक सूचिकृत गरिपाउँ भनि तपसिल बमोजिमका कागजात सहित यो निवेदन पेश गरेको छु ।

तपसिल

१. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
३. सम्बन्धित बिषयको तालिम सञ्चालन सम्बन्धी अनुभवको प्रमाणपत्रको प्रतिलिपि
४. प्रशिक्षक प्रशिक्षण तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि

निवेदक

नामः.......................................

ठेगानाः.......................................

हस्ताक्षरः.......................................

सम्पर्क नं.......................................